दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ५५ | बुटवल | २०८२ फागुन ०६ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday February 18, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

प्रजातन्त्र दिवस भव्यतापूर्वक मनाऔं ।

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो ।
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो ।
-शक्ति पृथकीकरण, नियन्त्रण तथा सन्तुलन प्रजातन्त्रको आधार हो ।
- मेलमिलाप र शान्ति प्रजातन्त्रका आधार हुन् ।
-प्रतिनिधिहरूमार्फत शासनमा नागरिकहरुको सहभागिता प्रजातान्त्रिक व्यवस्थाको मर्म हो ।
-प्रजातान्त्रिक आचरण, संस्कार र व्यवहारको अवलम्बन गरौं ।
राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

# विद्युत्को राष्ट्रिय प्रसारणमा जोडियो गुल्मी



**लुम्बिनी संवाददाता**

*गुल्मी*

गुल्मी विद्युत्को राष्ट्रिय प्रसारणमा जोडिएको छ । उनायचौर-पौदी-बुर्तिबाङ्गको परीक्षण सफल भएर सेवा सुरु भएको हो । सोही अवसरमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले आयोजनाको अनुगमन तथा निरीक्षण गरेका छन् ।

उनले विद्युत्को राष्ट्रिय प्रसारणसँग जोडिने कुरा जिल्लाको लागि ज्यादै महत्वपूर्ण काम भएकाले विद्युत्को अभावमा रोकिएका उद्योग कलकारखानामा लगानी गरेर पहाडको बसाईसराइ रोक्नु नै आफूहरूको उद्देश्य रहेको बताए ।

यसले अवसरका ढोकाहरू खोलेकाले सदुपयोग गरेर आर्थिक समृद्धिका काममा लाग्न उद्योगी, व्यवसायी तथा लगानीकर्तालाई शाक्यले आग्रह गरे ।

प्राधिकरणको लगानीको उद्देश्य देशको अर्थतन्त्रमा टेवा दिने भएकाले साना, मझौला र ठुला उद्योगलाई प्रयाप्त विद्युत् पुग्ने पहाडी जिल्लामा कृषिमा आधारित उद्योगको सम्भावना बढेको उनले बताए। उनले राष्ट्रिय प्रसारण लाइनले जिल्लाहरूमा पटक-पटक विद्युत् अवरुद्ध हुने समस्याको अन्त्य गर्नुको साथै आर्थिक समृद्धिको आशा जगाएको बताए ।

दुई दिन रेसुङ्गा नगरपालिका -७ उनायचौर सवस्टेशनदेखि बागलुङ बुर्तिबाङ्गसम्मको १३२ केभी राष्ट्रिय प्रसारण लाइनको परीक्षण गरेर सञ्चालन गरिएको छ ।

यो राष्ट्रिय प्रसारण लाइनको उनायचौर र मुसिकोट नगरपालिका -१ पौदी अमराईमा गरेर दुईवटा सवस्टेशन गुल्मीमा रहेका छन् ।

क पि ल व स् त ु क ा े मोतीपुरदेखि-सन्धिखर्क-तम्घास-बुर्तिबाङ्गसम्म करिव ८६ किलोमिटर दुरीमा पाँच सवस्टेशन र २४८ टावर निर्माण गरिएको कपिलवस्तुको मोतीपुरदेखि- सन्धिखर्क- तम्घास- बुर्तिबाङ्ग आयोजना प्रमुख इञ्जिनीयर मनोज चौधरीले जानकारी दिए ।

उनका अनुसार अहिलेसम्म चार अर्ब सात करोड ६१ लख ६२ हजार ७३५ रुपियाँमा सवस्टेशन र प्रसारण लाइन बिस्तार भएको छ । आयोजनाको लगानी नेपाल सरकार, उर्जा वलस्रोत तथा सिँचाइ मन्त्रालय र विद्युत् प्राधिकरणले गरेको छ। आयोजना प्रमुख चौधरीले एउटै जिल्लामा दुई वटा राष्ट्रिय प्रसारण लाइनको दुई वटा सवस्टेशन गुल्मीमा मात्र रहेको बताए ।

उनले भने-“योजनाको सफल परीक्षण गर्न पाएकामा हामी त खुसीनै छौं, त्योभन्दा भाग्यमानी गुल्मेली नागरिक छन् ।

एउटै जिल्लामा दुईवटा सवस्टेशन निर्माण भएका छन् ।”

कुनै समय टुकी बालेर चुनावी अभियान सञ्चालन गर्नुपर्ने गुल्मीका निर्वाचन क्षेत्रहरूमा दुई सवस्टेशन निर्माण गरेर विद्युत्को राष्ट्रिय प्रसारण लाइनमा जोडिन पाउनु गुल्मेलीको लागि निकै सुखद विषय भएको उनले जनाए ।

पूर्व उर्जामन्त्री गोकर्ण विष्टले आफूले समावेश गरेको महत्वपूर्ण आयोजना सफल हुँदा गर्वको महसुस भएको बताउँदै उद्योग कल कारखानामार्फत् जनताको आर्थिक समृद्धिको पक्षमा काम गरिने बताए ।

प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले राष्ट्रिय प्रसारण लाइनमा जोडिने बित्तिकै नागरिक मात्र नभएर सरकारी काममा समेत सहज भएको जनाए ।

## ‘फास्ट ट्र्याक’ अघि बढाउन प्रधानमन्त्रीको निर्देशन



बुटवल । प्रधानमन्त्री सुशीला कार्कीले काठमाडौँ-तराई/मधेस द्रुतमार्गको प्रस्थानविन्दु खोकनाको विवाद थाती राखेर वैकल्पिक योजनामा अघि बढ्न निर्देशन दिएकी छन् ।

ललितपुरको खोकनामा धार्मिक-सांस्कृतिक सम्पदा तथा आस्थामा असर पर्ने भन्दै स्थानीय समुदायले विरोध गर्दै आएका छन् । द्रुतमार्गबारे मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा प्रधानमन्त्री कार्कीले वैकल्पिक योजनामा अघि बढ्न निर्देशन दिएकी हुन् ।

यसअघि गत माघ १३ गते प्रधानमन्त्री कार्कीले निर्माणाधीन द्रुतमार्गको निरीक्षण गरेकी थिइन् । त्यस क्रममा पनि उनले विकास निर्माणका काम गर्दा स्थानीयका सरोकारलाई गम्भीरतापूर्वक लिनुपर्ने बताएकी थिइन् । सुरुवातको बिन्दु परिवर्तन गरेर भए पनि राष्ट्रिय गौरवको आयोजना चाँडो सम्पन्न गर्नेतर्फ लाग्नुपर्ने उनको भनाइ थियो ।

प्रधानमन्त्री कार्कीले अर्थमन्त्री रामेश्वर खनाल, कानुनमन्त्री अनिलकुमार सिन्हा, भौतिक पूर्वाधार तथा यातायातमन्त्री माधव चौलागाईं, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रकाशकुमार श्रेष्ठ, प्रधानसेनापति अशोकराज सिग्देलसहित द्रुतमार्ग आयोजनासँग सम्बन्धित अधिकारी, सम्बन्धित मन्त्रालयका सचिवलाई बोलाएर छलफल गरेकी हुन् ।

यस क्रममा नेपाली सेनाका तर्फबाट आयोजनामा हालसम्म भएको प्रगति, समस्या र सरकारसँग अपेक्षाका विषयमा ब्रिफिङ भएको थियो । सबै सम्बन्धित निकायका अधिकारीलाई राखेर कार्कीले विकास निर्माणका काममा अनावश्यक ढिलासुस्ती नगर्न र विवादमा अल्झिएर पनि नबस्न निर्देशन दिएकी छन् ।

‘विकास निर्माणका काममा अनावश्यक ढिलासुस्ती गर्नुहुँदैन । सकेसम्म विवादको समाधान गर्ने हो। तर विवाद भयो भने अनिश्चितकालसम्म त्यहीँ अल्झिएर हुँदैन । विकल्प खोजेर अघि बढ्नुपर्छ,’ प्रधानमन्त्री कार्कीले भनिन्-‘अब विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) संशोधन गरौँ। सुरु विन्दु खोकना हुँदैन भने जहाँ कुरा मिल्छ, त्यहीँबाट प्रस्थानविन्दु कायम गरौँ । आयोजनाको काम जहाँसम्म सम्पन्न हुन्छ, त्यहाँसम्म भए पनि सञ्चालन गरौँ ।’

ठूलो लगानीको आयोजना अनिश्चितकालसम्म लम्बिँदै गएमा आर्थिक बोझ थेग्न गाह्रो पर्न सक्ने भएकाले पनि चाँडो सञ्चालन हुने गरी निकास खोज्नुपर्ने उनको भनाइ थियो । अब प्रधानमन्त्री कार्कीको निर्देशनबमोजिम खोकनाभन्दा ३.३ किलोमिटर तल फर्सिडोलमा टोल प्लाजा (शुल्क संकलन गृह) निर्माण गर्ने गरी डीपीआर संशोधन हुने जनाइएको छ ।

## एमाले पहिलो पार्टी हुन्छ– ओली



बुटवल । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली आउँदो प्रतिनिधिसभाको निर्वाचनबाट एमाले पहिलो पार्टी बन्ने दाबी गरेका छन् । मंगलबार झापा-५ मा आयोजित प्रतिबद्धतापत्र सार्वजनिक कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले एमालेलाई पहिलो पार्टी हुनबाट कसैले रोक्न नसक्ने बताए । पहिलो पार्टी हुन २०८४ साल पर्खिरहेको जिकिर गर्दै मध्यावधिले अहिले नै पहिलो पार्टी हुने मौका मिलेको उनको भनाइ थियो ।

‘एमाले दोस्रो पार्टी थियो, अहिले चुनाव हुने भयो, पहिलो पार्टी हुन्छ । यतीका लागि त हामी हतार नै गरेका थिएनौँ त । हामी त ८४ पर्खिराख्या थियौँ । तर हामीलाई पहिलो पार्टी हुने मौका मिल्ने भयो ।’- ओलीले भने । एमालेलाई सिध्याउन खोजे पनि झन बलियो भएर आएको उनको भनाइ थियो । ‘एमाले सिद्ध्याउन आगो लगाए, एमाले पहिलो पार्टी हुन्छ,’ ओलीले थपे-‘एमाले विरोधी शक्तिहरूलाई मैले भन्ने गरेको छु, कान खोलेर सुने हुन्छ, एमाले आउँदो निर्वाचनमा पहिलो पार्टी हुन्छ ।’

आगामी चुनाव आगो लगाउने र शान्ति चाहने बिचको भएको उनको दाबी थियो । नेपाली अशान्ति चाहने जाति नभएको उनले उल्लेख गरे । ‘देशमा अराजकता मच्चाउने, आगजनी गर्ने, राज्यको सम्पत्ति आगजनी गर्ने, तोडफोड गर्नेलाई नेपाली हुँ भन्न पनि सरम हुनु पर्दछ । अर्काको सम्पत्ति लुटपाट गरेर, लुटेर जीविका चलाउने नेपाली जाति होइन ।’- ओलीले भने ।

## रूपन्देही-२ मा चुन्नप्रसादको २२ बुँदे घोषणापत्र सार्वजनिक



**लुम्बिनी संवाददाता**

*बुटवल*

आगामी प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै नेपाली कांग्रेसका उम्मेदवार चुन्नप्रसाद पौडेलले रूपन्देही निर्वाचन क्षेत्र नं. २ का लागि आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरेका छन् ।

मतदातालाई सम्बोधन गर्दै पौडेलले निर्वाचनलाई नागरिकले आफ्नो भविष्य निर्धारण गर्ने अवसर भएको उल्लेख गर्दै जनताको चाहना र सरोकार संसदमा उठाउने प्रतिबद्धता जनाए । उनले अघिल्ला कमजोरीप्रति आत्मआलोचना गर्दै नकारात्मक टिप्पणीभन्दा काममार्फत् विश्वास जित्ने धारणा व्यक्त गरे ।

घोषणापत्रअनुसार सरकारी विद्यालय सुधार गरी कक्षा १२ सम्म नेपाली र अंग्रेजी माध्यममा निःशुल्क शिक्षा प्रदान गर्ने वातावरण बनाइनेछ । साथै ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण निःशुल्क गराउने तथा भूमिहीन र सुकुम्बासीलाई दुई वर्षभित्र जग्गा उपलब्ध गराउने योजना अघि सारिएको छ ।

पेन्सनमा रहेका पूर्व राष्ट्रसेवक कर्मचारी तथा तिनका परिवारलाई समेत वृद्धभत्ता उपलब्ध गराउन पहल गर्ने पनि उनले बताएका छन् ।

क्षेत्रका सरकारी अस्पतालको स्तरवृद्धि गर्दै स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत पाँच लाख रुपैयाँसम्मको उपचार सरकारी तथा निजी अस्पतालमा निःशुल्क गराउने योजना घोषणापत्रमा समावेश छ । उपचार अभावमा नागरिकले ज्यान गुमाउन नपर्ने अवस्था सिर्जना गर्ने पौडेलको दाबी छ ।

खानेपानी व्यवस्था, हाइटेन्सन लाइन व्यवस्थापन, पूर्व-पश्चिम राजमार्गका कारण हुने डुबान समस्या समाधान तथा तिनाउ र दानव नदी किनारमा करिडोर निर्माण गर्ने योजना उनले अघि सारेका छन् ।

कृषिमा मल र बिउ निःशुल्क उपलब्ध गराउने, सिँचाइ विस्तार गर्ने र कृषकको उत्पादन वृद्धि गर्ने कार्यक्रम पनि समावेश गरिएको छ । साथै छाडा चौपाया व्यवस्थापनका लागि गोशाला तथा चिडियाखाना निर्माणको योजना प्रस्तुत गरिएको छ ।

युवालाई डिजिटल सीपमार्फत् रोजगारीमा जोड्ने, चौक-चौकमा निःशुल्क वाइफाइ र सिसी क्यामेरा जडान गर्ने तथा उद्योग स्थापना गरी “एक घर एक रोजगार” अभियान सञ्चालन गर्ने घोषणा गरिएको छ । लगानीमैत्री कानुनी व्यवस्था बनाउने र दोहोरो कर हटाउन पहल गर्ने पनि उनले बताएका छन् ।

निर्वाचित भए प्रतिनिधिसभा सदस्यले पाउने सम्पूर्ण सेवा-सुविधा क्षेत्रका नागरिकको स्वास्थ्य उपचारमा खर्च गर्ने प्रतिबद्धता पौडेलले व्यक्त गरेका छन् । उनले विकास, रोजगारी र सामाजिक सुरक्षा सुनिश्चित गर्न मतदातासँग समर्थन मागेका छन् ।



## सम्पादकीय

# उम्मेदवारहरूको वास्तविक क्षमता हेरौं

अबको दुई हप्तामा प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदैछ । यो आम निर्वाचन लोकतन्त्रको आधारशिला हो । निर्वाचनलाई स्वतन्त्र, भयरहित र कुनै पनि दबाब वा प्रभावमुक्त बनाउनु नै लोकतन्त्रको वास्तविक मर्म हो । तर अहिले मोबाइल फोनमा आउने एउटै 'म्यासेज' (सूचना) निर्वाचनका लागि सबैभन्दा ठूलो चुनौती बनेको छ। निर्वाचनबारे कुराकानी, छलफल तथा आफ्ना-आफ्ना तर्कवितर्क चलिरहेका छन् । निर्वाचन नजिकिँदै गर्दा राजनीतिक दलहरूबिच चुनावी प्रचार-प्रसार, आगामी पाँच वर्षका प्रतिज्ञा र आरोप-प्रत्यारोपको श्रृंखला तीव्र हुनु स्वाभाविक हो । तर, यही सरगर्मीमा मिसिएर आउने गलत सूचना र अफवाहले तपाईं-हामीजस्ता नागरिकको धारणालाई मात्र प्रभावित पार्दैन, यसले समग्र समाजलाई नै अन्योल, अविश्वास र अस्थिरतातर्फ धकेल्ने गम्भीर खतरा निम्त्याउँछ ।

हामीमध्ये अधिकांश सामाजिक सञ्जाल प्रयोगकर्ताको मोबाइल स्क्रिनमा दैनिक रूपमा कुनै न कुनै गलत वा भ्रामक सूचना आइरहेको हुन्छ । विडम्बना त के छ भने, हामीमध्ये धेरैलाई आफूले प्राप्त गरेको सूचना साँचो हो कि झूटो भनेर छुट्याउन सक्ने आत्मविश्वास नै छैन वा हामी सक्दैनौं वा त्यतातर्फ लाग्दैनौं ।

हामी केवल सूचनाका उपभोक्ता मात्र बनेका छौं । सत्यको संवाहक होइन । यसको मतलब हाम्रो स्क्रिनमा आउने सबै सूचना, समाचार, भिडियो वा फोटा गलत नै हुन्छन् भन्ने होइन, तर ती सबै पूर्णरूपमा सत्य हुन् भन्ने पनि होइन । सूचनाको यो बाढीमा हामीले प्राप्त गर्ने सूचना, समाचार, भिडियोहरू कतै न कतै तोडमोड गरिएका वा भ्रामक हुने जोखिम छ ।

निर्वाचनका बेला यस्ता डिजिटल हतियारहरू मतदातालाई भ्रमित गर्नका लागि प्रयोग भइरहेका हुन्छन् । निर्वाचन जस्तो संवेदनशील समयमा यस्तो भ्रमले मतदाताको धारणा मात्र होइन, सामाजिक सद्भाव र शान्ति सुरक्षालाई समेत गम्भीर रूपमा प्रभावित पार्न सक्छ । समाजमा गलत सूचना दुई तरिकाले फैलिरहेका छन् । एकथरीले अज्ञानताको कारण सूचनाको सत्यतथ्य थाहा नपाइकन वा नबुझीकन नै गलत सूचना फैलाइरहेका छन्, जसलाई 'मिसइन्फर्मेसन' भनिन्छ । तर अर्काथरीले भने निश्चित राजनीतिक स्वार्थ वा आर्थिक फाइदाका लागि जानीजानी गलत सूचना फैलाइरहेका छन्, जसलाई 'डिसइन्फर्मेसन' भनिन्छ । समाजका लागि यी दुवै हानिकारक छन् ।

जानेर वा नजानेर गलत सूचना फैलाउने छुट कसैलाई पनि छैन । निर्वाचनको समयमा विपक्षीलाई बदनाम गर्न, विपक्षीका बारेमा अफवाह फैलाउन, मतदातालाई भ्रममा पार्न वा चुनावी वातावरण वा नतिजामाथि अविश्वास बढाउन यस्ता 'डिसइन्फर्मेसन' अभियानहरू चलाइन्छन् । तसर्थ हामीले सामाजिक सञ्जालमा आउने भ्रामक सूचना वा 'एआई' ले बनाएका भिडियोका आधारमा मात्र धारणा बनायौं भने सही छनोटसम्म नपुग्न पनि सक्छौं । एउटा सचेत मतदाताले उम्मेदवार छान्दा केही आधारभूत प्रश्नहरूबारे सोंच्नै पर्छ, थाहा नभए अरूलाई सोध्नै पर्छ । जस्तै उम्मेदवारको वास्तविक क्षमता कति छ ? उम्मेदवारको समाजप्रतिको जिम्मेवारी, उम्मेदवारका यसअघिका अभिव्यक्ति, आपराधिक क्रियाकलापमा संलग्न भएको वा नभएको, नैतिक आचरण कस्तो छ ? संसद भनेको कानुन बनाउने थलो हो; के उम्मेदवारसँग कानुन बनाउने ठाउँमा पुग्दा चाहिने आवश्यक ज्ञान, सीप र अनुभव छ ? उम्मेदवारको विगतको पृष्ठभूमि र समाजमा पुऱ्याएको योगदान के छ ? यी कुराहरू हेरेर मात्र उम्मेदवार छान्दा ठीक उम्मेदवार ठीक ठाउँमा पुग्न सक्छन् । अन्यथा, सामाजिक सञ्जालको भ्रममा परेर गलत निर्णय लिइयो भने अवस्था झन् खराब हुन सक्छ । को राम्रो भनेर छुट्याउन पाउने अन्तिम अधिकार र जिम्मेवारी तपाईं हाम्रै हो ।

# चुनावी माहोल र मतदाता



**केशव अधिकारी**

उम्मेदवारका अनेक थरीका नाटकीय हाउभाउको प्रभावमा परेर यी कुराको विचार नगरी मतदान गर्नाले फेरि पनि हामीलाई ती विगतका राजनीतिक अप्ठ्याराहरुले किचिरहनेछन् । हामी कहिल्यै पनि त्यो फोहोर र कठिनाइभन्दा माथि उठेर देश र नेपाली जनताको भलाइको काममा लाग्न सक्ने अवस्थामा पुग्न सक्ने हुनेछैनौं । त्यसकारण हरेक मतदाताले कुनै प्रभावमा नपरी आफ्नो अमूल्य मतको सदुपयोग गर्न सकियो भने त्यसले देशको भाग्य र भविष्य निर्धारणको भूमिका खेल्नेछ ।

आउँदो फागुन २१ गते सम्पन्न हुने चुनावका लागि सबैजसो राजनीतिक दलका उम्मेदवारहरू भोट माग्ने काममा लागेका विभिन्न सञ्चारमाध्यमबाट देख्न र सुन्न सकिन्छ । नयाँ जोगीले धेरै खरानी घस्ने भएजस्तै चुनावमा उम्मेदवार बनेका व्यक्तिहरू अनेक थरीका नाटक मञ्चन गर्दै मत आफ्नो पक्षमा पार्ने प्रयत्नमा लागेका छन् । हरेकजसो उम्मेदवारले आफूले जित्ने दाबी गर्दै गरेको अवस्था विद्यमान छ ।

पुराना राजनीतिक दलका उम्मेदवारले पुरानो बाजेको पेडा भनेर मिसावट भएको पेडा उपभोक्तालाई फसाएर बेचेजस्तै तरिकाले आफूले जसरी भए पनि जित्ने दाउमा लागेका छन् । यसका लागि आफ्नो क्षेत्रका मतदाताको घरघरमा गएर उनीहरूलाई काम सघाइदिएको नाटक राम्रैसँग मञ्चन गर्दै छन् ।

उम्मेदवारको यो नाटकले मतदाता कतिको हदसम्म प्रभावित भएर तत्-तत् उम्मेदवारलाई भोट हालेर जिताउलान् ? भन्ने कुराको ठोकुवा गर्न सकिने अवस्था छैन । यसभन्दा अगाडि पनि चुनावहरु धेरै पटक भए, जनताले अपेक्षित मतदान गरेर उनीहरुलाई जिताए तथापि उनीहरू सबैजसोले नाराअनुसारका काम गर्न नसकेर उनीहरूका आफ्नै प्रतिबद्धतालाई आफैँले असत्य भनाइ वा असत्य नाराको रुपमा साबित गरिदिए ।

पहिलेको चुनावमा जितेकाले पछिका चुनावमा हार बेहोर्नुपरेको थियो वा उनीहरूले असत्य नारा लगाउँदै आएका हुनाले हार बेहोर्नुपरेको थियो । अहिलेको चुनावमा पनि उनीहरूमध्ये केही थोरै प्रतिशत उम्मेदवारले जनतालाई झुटो आश्वासन नबाँडे पनि करिब ९० प्रतिशत उम्मेदवारले विनालाज झुटो आश्वासन बाँडेर भोट आफ्नो पक्षमा खसाल्ने दाउमा लागेका देखिन्छन् । चुनावमा जसरी जिते पनि आफ्ना दिन फर्कन्छन् भन्ने मानसिकतामा बाँचेका छन् ।

जेन्जी विद्रोहपछिका दिनमा आम मतदातामा फर्केको चेतले पनि केही प्रतिशत काम गर्ला भन्ने विश्वास आँकलन गर्न सकिन्छ । आउँदो फागुन २१ को चुनावमा शायदै बूढा पुस्ताबाहेक र आफ्ना विश्वासपात्र ठानिएका कार्यकर्ताबाहेक अरु युवा पुस्ताले पुराना राजनीतिक दलका उम्मेदवारलाई भोट दिन अवश्य पनि हिच्किचाउने अवस्था बन्नेछ । युवा पुस्ता भएर पनि काम गर्न नसक्ने, भ्रष्टाचार गर्नेजस्ता कुकर्ममा लागेका उम्मेदवारलाई भोट दिएर विजयी बनाउँदाका नकारात्मक प्रभावका बारेमा सचेत नहुनाले पनि अक्षम उम्मेदवारले भोट पाउन सक्ने अवस्था आउन सक्छ ।

हालको चुनावी माहोललाई नियाल्दा अहिले ९० प्रतिशत उम्मेदवारले मतदातासमक्ष नचाहिँदा बकबास सुनाएरै भोट माग्दै गरेको अवस्था छ । जुन उम्मेदवार तत्-तत् विषयमा अनभिज्ञ भएरै पनि मतदातालाई लट्याउन र मत आफ्नो पक्षमा पार्ने हर्कत गरिरहेका छन् । कोही उम्मेदवारले आफूले चुनावमा हार बेहोर्नुपरेको खण्डमा चुनाव नै अमान्य भनेर घोषणा गरिदिने धम्की दिँदै गरेको पनि देख्न र सुन्न पाइँदै थियो । उनको त्यो हास्यास्पद अभिव्यक्तिले केही बुझेका मतदाताका लागि अझै हाँसो थपेको हुनुपर्छ । कोही मतदाताले ती उम्मेदवारसँग जागिर माग्दै गर्दा अबको चुनावमा आफूले जित्न पाए उद्योग खोलिदिने अनि सोही उद्योगबाट जागिर माग्ने ती युवा मतदातालगायत अन्य युवाले समेत रोजगारी पाउने आश्वासन पस्कन पनि भ्याउँदै थिए । उनको त्यो आश्वासन केही बेरको लागि न्यानो बने पनि यथार्थमा आधारित होइन भन्ने कुरा अबका करिब सबैजसो मतदाताले बुझेको विषय हुनुपर्छ ।

आउँदो चुनावमा उम्मेदवार बनेका नयाँ राजनीतिक दलले गरेको वा गर्ने काम के-कस्ता होलान् ? त्यसले आम नेपाली जनता अनि नेपाल देशको समृद्धिको ढोका कसरी खोल्न सक्ला ? भन्ने प्रश्न आजको बन्दै गरेको चुनावी माहोलको पेचिलो विषय हो । त्यसैले नयाँ राजनीतिक दल र तिनका उम्मेदवारले आ-आफ्ना घोषणापत्रमा उल्लेख गरेका प्रतिबद्धतालाई राम्ररी मनन गरेर तिनको औचित्य कतिको छ ? ती विषय तिनले पूरा गर्न सक्ने हुन् वा केवल आदर्श भनाइ मात्र हो भन्ने कुराको निक्यौल गरेर मात्र भोट दिनु उपयुक्त हुनेछ ।

आम मतदातालाई मासु-भातमा बिक्ने, पैसामा बिक्ने, झोले वा नेताको झोला बोकिदिने अनि नेताको हँमा हँ मिलाउने तर सही वा गलत के हो ? भनेर पर्गेल्न नसक्ने, परिवर्तनको चाहना नराख्ने मानसिकता र सोही अनुसारको व्यावहारिक कर्म भएकालाई झोले भनिएको होला । यस्तै मानिसको समूहले केही विचार नै नगरी भोट दिएर जिताउने अवस्थाबाट गुज्रँदै गएका कारण हालसम्मको नेपालको शासन जनताका पक्षमा हुन नसकेको हो भन्ने कुरा सही हुन्छ । त्यसैले हरेक राजनीतिक दलका उम्मेदवारहरू हाम्रो घरदैलोमा आएर हामीसँग भोट मागिरहँदा मासु-भातजस्ता एकपेटे खान्कीका भरमा त्यो तपाईं-हाम्रो अमूल्य मत दिएर अकार्थमा खेर फाल्नु आफैँभित्रको मूर्खतापूर्ण कर्मभन्दा अरू केही होइन । चुनावको अवसरमा कैयौँ चुनावी केन्द्रमा आफूले मनले खाएको वा विश्वास जितेको राजनीतिक दलको उम्मेदवारको अभावमा पनि मतदाता अन्यौलमा पर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा आ, जेसुकै होस् भन्ने लापरबाहीपूर्ण मानसिकताका कारण गलत र अक्षम उम्मेदवारलाई भोट दिएर जिताउने दिशातिर हामी लाग्छौँ । जसको परिणाम हामीभित्रको आत्मग्लानि हटेर जानुको साटो बढेर जान सक्छ । यस चुनावमा मनले खाएको वा विश्वास जितेको राजनीतिक दलको उम्मेदवार नभएमा युवा र परिवर्तनकारी मानसिकता अनि कर्म पनि सोही अनुसारको गर्न सक्ने उम्मेदवारलाई भोट दिनु बुद्धिमानी हुनेछ ।

पुराना राजनीतिक दलका अनुसार भन्ने हो भने, संसद् पुनर्स्थापना हुनुपर्ने थियो । सत्तामा रहेका दलहरुले अविराम गतिमा देश लुटेर खान पाइरहनुपर्ने हुन्थ्यो र त्यसैका लागि केही देखावटीरुपमै भए पनि चुनावी वा अन्तरिम सरकारको विरोध गरेजस्तो गरेर संसद् पुनर्स्थापनाको माग गर्दै आन्दोलन पनि गरे । तर अन्तरिम सरकारले त्यस आन्दोलनलाई मान्यता नदिएर चुनावको मिति तय गरेको हुनाले उनीहरु पनि बाध्य बनेर चुनावमा आफूले जित्ने भन्ने घमण्ड अनि दाबीका साथ चुनावी मैदानमा उत्रेका हुन् । त्यसैले चुनाव असफल बनाउने षड्यन्त्र रचना गर्न र असफल बनाउन प्रयासमा लाग्न पनि बेर लाग्दैन ।

चुनाव बिथोल्न खोज्ने जोसुकै भए पनि तिनीहरु शान्तिपूर्ण वातावरणका विरोधी हुन् अनि धमिलो पानीमा माछा मार्न पल्केका मछुवा भएकोले आम मतदाताले चुनाव सम्पन्नताको लागि स्वच्छ आत्माले आ-आफ्ना तर्फबाट पहल गर्नु पनि मतदाताको कर्तव्य हुन आउँछ । आम मतदाता भनेका देशका कर्मशील जनता हुन् । तिनै कर्मशील जनताको पसिनाले भिजेर कमाइ भएको खानेकुरा प्रत्यक्ष वा परोक्षरुपमा सेवन गरी शासकलगायतका जनतासमेत बाँच्ने र उन्नति गर्ने हुन् । तर जेनजी आन्दोलनअगाडिको सरकारले जनताका यस्ता सकारात्मक भावनाको कदर गरेर तिनलाई कामयावी बनाउन नसकेका कारण भदौ २३, २४ गतेको आन्दोलन हुनुपरेको हो ।

यदि आगामी चुनाव सम्पन्न भएपछि पनि अनि त्यसबाट बन्ने सरकारले पनि यी विषयलाई बेवास्ता गरेका खण्डमा चुनावपछिका दिनमा अझै बृहत् आन्दोलन नहोला भन्न सकिने अवस्था नै छैन । यी सबै कारणले गर्दा चुनावको बहुउपयोग गर्नको लागि सबैको सकारात्मक सहयोगको अपेक्षा राख्न सकिन्छ । आज तपाईं वा हामीकहाँ आएर केही समय शारीरिक काम सघाएजस्तो नाटके उम्मेदवारलाई पनि भोट दिनु उपयुक्त होइन । त्यस्ता उम्मेदवारको भरोसा गर्न कठिन हुनेछ । तल्लो स्थानीय स्तरदेखि केन्द्रसम्मका हरेक नेता तथा कार्यकर्ताको बानी अरुलाई ठग्ने हुन्छ । ठग्ने बानी आफैँमा घातक भएर पनि उनीहरू त्यस्तै बानीमा अभ्यस्त भइसकेका हुनाले अरुलाई ढाँट्नु वा ठग्नु सामान्य विषय बन्छ, उनीहरुका लागि ।

सचेत मतदाताले भोट दिने उम्मेदवार भनेको गफ वा भाषणले होइन कि खरो कर्मक्षेत्रमा उत्रन सक्ने वा उत्रेको हुन आवश्यक छ । चुनावी मैदानमा खडा भएका सबैजसो उम्मेदवारमध्ये सबैले नै आफूले जितेपछि देशको विकासको खाका यसरी बन्छ, यसरी कार्यान्वयन हुन्छ भनेर भुइँ तहको अध्ययनका आधारमा योजना बनाएको हुन सके उत्तम विकल्प हुने थियो । यो विकल्पले देशको उन्नतिको रथलाई सही बाटोतिर धकेलेर लैजान सहयोग गर्ने थियो ।

उक्त उम्मेदवार भविष्यको कुशल शासक मात्र होइन कि अथाह परिवर्तनको बाहकसमेत बन्न सक्ने थियो । हो, त्यस्तो उम्मेदवारलाई भोट दिएर जिताउनुमा पो मतदाताको मानसको गर्व बढेर जाने थियो होला । सचेत मतदाताको मानसमा यी विषयमा पनि एउटा निक्यौल अवश्य हुनै पर्ने हुन्छ । अहिलेको जेनजी पुस्ताले रुचाएको युवा उम्मेदवार एउटा विकल्प भए पनि देशको माया नभएको र अनियमित कार्यमा लाग्न अभ्यस्त भइसकेको युवावर्ग बूढो पुस्ताभन्दा पनि अधिक राजनीतिको फोहोरी खेलाडी बन्न पुग्ने भएकोले युवा उम्मेदवार भन्दैमा विश्वास गर्न सकिने अवस्था छैन । वर्तमानको राजनीतिक माहोलमा खडा भएका ९५ प्रतिशत उम्मेदवार युवा पुस्ताका छैनन् पनि । केवल ७५ कट्दै गरेका तुलनामा ५०-६० का उम्मेदवारलाई युवा पुस्ता भनिएको मात्र हो । तिनको दिमागी चाल भनेको पुरानै रवैयाको चालमा चल्न खोज्ने हुन्छ ।

जेन्जी आन्दोलनको औचित्य समाप्त हुने मात्र होइन कि त्योभन्दा अझै सशक्त आन्दोलनको जरुरत पर्छ । बार-बारको आन्दोलन देशले कसरी धान्न सक्ला ? भन्ने कुरो हरेक मतदाताले हेक्का राख्नै पर्ने विषय हो ।

उम्मेदवारका अनेक थरीका नाटकीय हाउभाउको प्रभावमा परेर यी कुराको विचार नगरी मतदान गर्नाले फेरि पनि हामीलाई ती विगतका राजनीतिक अप्ठ्याराहरुले किचिरहनेछन् । हामी कहिल्यै पनि त्यो फोहोर र कठिनाइभन्दा माथि उठेर देश र नेपाली जनताको भलाइको काममा लाग्न सक्ने अवस्थामा पुग्न सक्ने हुनेछैनौँ । त्यसकारण हरेक मतदाताले कुनै प्रभावमा नपरी आफ्नो अमूल्य मतको सदुपयोग गर्न सकियो भने त्यसले देशको भाग्य र भविष्य निर्धारणको भूमिका खेल्नेछ ।

समाचार पत्रबाट

# कसरी हुन्छ युरिक एसिड ?

युरिक एसिड रगतमा नभई नहुने महत्वपूर्ण तत्व हो । यसले शरीरमा 'एन्टी अक्सिडेन्ट'को काम गर्छ । तर, युरिक एसिडको मात्रा चाहिनेभन्दा बढी भएमा यसले जोर्नीहरुमा समस्या ल्याउँछ र 'गाउट' भन्ने रोग लाग्छ । युरिक एसिडलाई एक प्रकारको बाथरोगका रुपमा बुझ्न सकिन्छ । यसले जोर्नीहरुमा अत्याधिक दुखाइ गराउँछ ।

रगतमा युरिक एसिड बन्ने र युरिक एसिड पिसाबबाट बाहिर निस्किने प्रक्रियामा गडबडी भयो भने रगतमा पर्याप्त मात्रामा युरिक एसिड घुल्न पाउँदैन र विस्तारै गाउटको रुप लिन्छ । एउटा स्वस्थ मानिसमा युरिक एसिडको मात्रा ६ दशमलब ८ एमजी/डिएल हुनुपर्छ । जसलाई गाउट वा युरिक एसिडको समस्या छ त्यस्ता व्यक्तिमा युरिक एसिडको मात्रा ५ एमजी/डिएलभन्दा कम राख्नुपर्ने हुन्छ ।

कुनै व्यक्तिमा युरिक एसिड बढी देखिए पनि जोर्नीको दुखाइ नहुन सक्छ । यस्ता व्यक्तिलाई गाउट नभएर 'हाइपरयुरेसिमिया' भएको हुन सक्छ ।

त्यसले जोर्नीमा असर गर्दैन । जसलाई युरिक एसिड भएकै कारण जोर्नी (खुट्टाको बुढी औँला र आसपास) मा दुख्छ, त्यो गाउट हो भनेर बुझ्नुपर्छ । युरिक एसिडबाट हुने बाथरोग नै गाउट हो । यो वंशाणुगत समस्या पनि हुन्छ । यसलाई दुई तरिकाले हेर्न सकिन्छ ।

दीर्घकालीन गाउटः यो कडा खालको जोर्नी दुख्ने समस्या हो । लामो समयसम्म युरिक एसिडको समस्या हुनेहरु दीर्घकालीन गाउटका बिरामी हुन् । यस्तो अवस्थाका बिरामीलाई औषधि खाँदा केही समय निको हुने र पछि फेरि बल्झिने र जोर्नीहरुमा अत्याधिक दुखाइ हुने गर्छ । प्रायःजसो ६ महिना वा वर्ष दिनभन्दा बढी युरिक एसिडको समस्या भएकाहरुलाई गाउटको दीर्घरोगीका रुपमा लिन सकिन्छ । यस्तो समस्या भएकाहरुमा दुखेको जोर्नी माथिबाट 'टोफाइ' भन्ने सानो कमलो मासुको डल्लो जस्तो देखा पर्छ । यस्तो समस्या भएकालाई खुट्टाको बुढी औँला र आसपासमा मात्र होइन शरीरका अन्य जोर्नीमा पनि दुखेको महसुस हुन्छ ।

एक्युटः तुरुन्तै खुट्टाका जोर्नीहरु रातो भएर सुन्निनु वा अचानक दुख्नु एक्युटको लक्षण हो । छुँदा पनि दुख्ने र हिँड्न असहज हुने यस्तो समस्या भएकाहरुले औषधि खाँदा वा खानपिनमा नियन्त्रण गर्दा सन्चो हुन्छ । यो समस्या मध्यपान र धूमपान गर्नेलाई बढी देखिन्छ ।

सामान्यतया जोर्नी दुख्दैमा गाउट भएको भन्न मिल्दैन । जोर्नी दुख्ने विभिन्न कारण हुन्छन् । गाउट भए/नभएको जान्नका लागि जोर्नी दुखेको वा सुन्निएको ठाँउबाट पानी झिकेर जाँच गराउनुपर्छ । जाँच गराउँदा जोर्नीहरुमा सुइको टुप्पो जस्तो आकार भएका साना-साना 'क्रिस्टल'हरु देखा परेपछि गाउट भएको थाहा पाउन सकिन्छ ।



**कसरी हुन्छ युरिक एसिड ?**

युरिक एसिड पहिलो पटक खुट्टाको बुढी औँला र त्यसको आसपासको जोर्नीहरुबाट दुख्न सुरु हुन्छ । यसलाई 'मेटाटार्सल जोइन्ट' भनिन्छ । प्रायः राति सुतेको बेला जोर्नीहरु अत्याधिक दुख्ने गर्छ र बिहान उठ्दा सुन्निएको हुन्छ । सुरुसुरुमा खुट्टाको बुढी औँलामा मात्र हुने दुखाइ समयमा उपचार नहुँदा अन्य ठूला जोर्नीहरुमा पनि सर्न थाल्छ ।

युरिक एसिड भएको थाहा नपाएकाहरुलाई रातो मासुको अधिक प्रयोग र मध्यपान सेवन गर्दा एक्कासी बुढी औँलाको जोर्नी सुन्निने र दुख्ने समस्या आउँछ ।

युरिक एसिडको समस्या महिनावारी नरोकिएका महिलालाई भने निकै कम मात्रामा देखिन्छ । महिनावारी हुँदा निस्कने हर्मोनले जोर्नी दुख्ने समस्यालाई कम गराउँछ ।

**खाना पूरै बार्नेभन्दा सन्तुलित भोजन जरुरी**

युरिक एसिडको समस्या भएकाहरुलाई प्रायः मुख बार्नुपर्छ भनेर बुझाइन्छ र अधिकांशले त्यसै गर्छन् । तर, यो बुझाइ नै गलत छ । युरिक एसिडको समस्या भएकाहरुले गेडागुडी, रातोमासु, काउली खानै नहुने होइन, खान सक्छन्, तर त्यसको मात्रा मिलाएर खान सक्नुपर्छ । एकैचोटि धेरै होइन कि थोरै-थोरै गरेर खान सकिन्छ । यस्तै, चिकित्सकको परामर्श अनुसार औषधिको नियमित प्रयोग गरेमा खाना बार्नुपर्दैन । तर, यस्तो समस्या भएकाहरुले धूमपान र मध्यपान भने गर्नु हुँदैन । अमिलो हालेको, खाँदेको वा गालेको अचार, तामा जस्ता खानेकुरा चाहिँ बार्नुपर्छ ।

यस्ता खानेकुराले युरिक एसिडको दर बढाउँछ । युरिक एसिड 'प्युरिन मेटाबोलिजम'को गडबडीले हुने भएकाले प्युरिन तत्व भएका खानेकुरा (जस्तैः फूलगोभी, च्याउ, पालुङ्गो, गेडागुडी आदि) कम खानुपर्छ ।

यस्तै, गुलियो पदार्थले पनि युरिक एसिड बढाउँछ । यस्तै, सामुद्रिक खानाले पनि युरिक एसिडको मात्रा बढाउँछ । क्यान्सर र पिसाब लगाउने औषधिको अत्याधिक प्रयोगले पनि युरिक एसिडको मात्रा ह्वात्तै बढाउँछ ।

युरिक एसिडको समस्या भएका वा गाउटका बिरामीले दूधजन्य पदार्थ भने ढुक्कले खाँदा हुन्छ । यस्ता पदार्थले कुनै बिगार गर्दैन । युरिक एसिडको समस्या प्रायः ३० वर्ष नाघेकाहरुमा बढी देखिन्छ। क्यान्सर, मुटुरोग र मिर्गौला रोगीहरुमा युरिक एसिडको समस्या आउन सक्छ । ट्यूमरका कोषहरु टुक्रेर पनि युरिक एसिड बन्छ ।

त्यस्तै उच्च रक्तचाप चिनीरोग र मोटोपना धेरै भएकाहरुमा पनि युरिक एसिडको समस्या आउन सक्छ । एकचोटि युरिक एसिडले दुखेको जोर्नी फेरि नदुख्न पनि सक्छ तर प्रायः दुईदेखि ६ महिनाभित्रमा फेरि दुखाइ सुरु हुन्छ ।

**लक्षण**

- खुट्टाको बुढी औँला र आसपासका जोर्नीहरु सुन्निनु ।
- जोर्नी राति बढी दुख्नु ।
- दुखाइ सहनै नसक्ने हुनु ।
- लामो सयम युरिक एसिडको समस्या भएकालाई घुँडा, कुइनोलगायतका जोर्नीहरुमा पनि दुख्नु ।
- ज्वरो आउनु, आदि ।

**असर**

युरिक एसिड बढेमा वा गाउटको समयमै उपचार नभएमा मिर्गौलामा असर पार्न सक्छ । यसले मिर्गौला फेल बनाउन सक्छ र मिर्गौलामा पत्थरी हुनसक्छ । गाउटले जोर्नीहरुमा 'डिफर्मेसन' (जस्तैः खुट्टाको बुढी औँला र जोर्नीहरुको आकार वा स्वरुप बिग्रनु) ल्यादिन्छ । युरिक एसिडले विस्तारै मुटुमा पनि असर पुऱ्याउँछ । यस्तै, शरीरका विभिन्न अंगमा जटिल समस्या ल्याइदिन सक्छ ।

**बच्ने उपाय**

१. नियमित व्यायम गर्ने ।
२. पर्याप्त मात्रामा पानी पिउने । तर, मुटुका बिरामीले भने पानीको मात्रा चिकित्सकको सल्लाह अनुसार पिउनुपर्छ ।
३. धूमपान र मध्यपानबाट टाढै बस्ने ।
४. प्युरिन तत्व बढी हुने रातो मासु, गेडागुडी, गालेको अचार, फुलगोभी, च्याउ, पालुङ्गोको सेवन कम गर्ने ।
५. गुलियो पदार्थ वा यस्ता अन्य पेय पदार्थको प्रयोग कम गर्ने ।
६. शरीरको वजन घटाउने ।
७. नियमित औषधिको प्रयोग गर्ने ।
८. समय-समयमा चिकित्सकको परामर्श लिने ।

स्वास्थ्य खबरबाट

# बुर्तिबाङ–ढोरपाटन सडक निर्माण धमाधम

ढोरपाटन (बागलुङ) । नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटन जोड्ने सडक निर्माणले गति लिएको छ। लामो समयदेखि रोकिएको उक्त सडक निर्माणको काम गत मङ्सिरदेखि धमाधम भइरहेको छ।

बुर्तिबाङ बजारदेखि ढोरपाटन देउरालीसम्मको २५ किलोमिटर सडक निर्माण दुई खण्डमा भइरहेको छ। रुपन्देहीको सालझण्डीदेखि ढोरपाटन जोड्ने गरी २०७८ सालमा निर्माण थालिएको उक्त सडकले तराई र पहाडलाई जोडेको छ । बुर्तिङबाङदेखि फल्लेघरसम्मको २२ किलोमिटर (पहिलो खण्ड) हाल ग्राभेल भइरहेको छ भने फल्लेघरदेखि देउरालीसम्मको (दोस्रो खण्ड) मा कालोपत्रको तयारी छ।

पहिलो खण्ड २०८० वैशाखसम्म ग्राभेल गरिसक्नुपर्ने भए पनि हालसम्म ६५ प्रतिशत मात्र सम्पन्न भएको काम सकिएको सालझण्डी-ढोरपाटन सडक आयोजना कार्यालयका सूचना अधिकारी इञ्जिनियर परीक्षा पौडेलले जानकारी दिए । पहिलो खण्ड ग्राभेल गर्न चार वर्ष अगाडि स्वच्छन्द र ओम/बुद्ध जेबीले जिम्मा पाएको थियो। समयमै काम गर्न नसक्दा चार पटक म्याद थप गरिएको छ।

तीस महिनामा सक्ने गरी २०७८ कात्तिकमा सम्झौता भएको इञ्जिनियर पौडेलले बताए। अहिले सडक फराकिलो बनाउने, कल्भर्ट निर्माणलगायत काम भइरहेको छ । रु २५ करोड ६१ लाखको लागतमा सो सडक स्तरोन्नति भइरहेको छ।

"पहिलो खण्डको काम यसअघिदेखि नै सुस्तरुपमा भएको थियो, अहिले निमाण कम्पनीले गति बढाएको छ।"-इञ्जिनियर पौडेलले भने । दोस्रो खण्ड कालोपत्र गर्न गत असारमा सम्झौता भएकामा हाल धमाधम भइरहेको छ। उक्त खण्ड कालोपत्र गर्न 'पिटीआर अधिकारी कन्स्ट्रक्सन' सँग रु १६ करोड ४८ लाखमा सम्झौता भएको इञ्जिनियर पौडेलले जनाए।

अहिले सडक फराकिलो बनाउने, नाला निर्माणलगायत काम भइरहेको छ। आगामी २०८४ असारसम्म सक्नुपर्ने काम हालसम्म १२ प्रतिशत मात्र सम्पन्न भएको उनले बताए। विसं २०६८ मा रूपन्देहीदेखि सुरु भएको उक्त सडक अर्घाखाँचीको सन्धिखर्क, गुल्मी, पाल्पा हुँदै ढोरपाटनसँग जोडिएको छ।

# नेप्से परिसूचक बीस अङ्कले घट्यो




काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार दोहोरो अङ्कले घटेको छ। नेप्से परिसूचक २० दशमलव ७५ अङ्कले घटेर दुई हजार ६४२ दशमलव १५ मा पुगेको हो।

३५४ कम्पनीको दुइ करोड पाँच लाख ५९ हजार ५५ कित्ता शेयर ८३ हजार ७५ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ३६ करोड ४४ लाख २४ हजार २४ हजार ५५५ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

म्युचुअल फन्ड उपसमूहको सूचक शून्य दशमलव ५६ र व्यापार समूह शून्य दशमलव २२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ४५, विकास बैंक एक दशमलव १८, वित्त दुई दशमलव ११, होटल तथा पर्यटन एक दशमलव १९, जलविद्युत् एक दशमलव ६३, लगानी शून्य दशमलव ८१, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७३, लघुवित्त शून्य दशमलव ५०, निर्जीवन बिमा शून्य दशमलव ७५ र अन्य समूह शून्य दशमलव ५८ प्रतिशतले घटेको छ।

सलपा विकास बैंक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सुपर माई हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै रिडी पावर कम्पनी लिमिटेडको रु ५३ करोड ३६ लाख १४ हजार ८४२ बराबरको १५ लाख ९९ हजार ३८४ कित्ता शेयर कारोबार भएको छ।

# रूपन्देही उद्योग संघमा इञ्जिनियरिङ्ग तथा ग्रिल वस्तुगत समिति गठन




बुटवल । रुपन्देही उद्योग संघमा आबद्ध इन्जिनियरिङ्ग तथा ग्रिल उद्योगीहरुको भेलाले मंगलबार इन्जिनियरिङ्ग तथा ग्रिल वस्तुगत समिति गठन गरेको छ।

संघका प्रथम उपाध्यक्ष एवं कार्यक्रम संयोजक हरिबहादुर खत्रीको अध्यक्षता एवं संघका पदाधिकारी तथा कार्य समिति सदस्यहरुको उपस्थितिमा भेला सम्पन्न भएको हो। इन्जिनियरिङ्ग तथा ग्रिल उद्योगीहरुको भेलाबाट ईश्वरराज मेटल इण्डष्ट्रिजका संचालक राजकुमार श्रेष्ठको संयोजकत्वमा ७ सदस्यीय इन्जिनियरिङ्ग वस्तुगत समिति गठन गरिएको छ।

गठित समितिको सहसंयोजकमा श्री शिवशक्ति ग्रिल उद्योगका महेन्द्र सुवेदी, सचिवमा न्यू पुनम ग्रिल उद्योगका ध्रुब्रमणि ज्ञवाली, सदस्यहरुमा सुवेदी ग्रिल उद्योगका रमेश सुवेदी, स्वर्गद्वारी ग्रिल उद्योगका कमल रोक्का क्षेत्री, श्रृजना ग्रिल उद्योगका अमृत सुवेदी र भगवती मेटलका नारायण नेपाल रहेका छन्।

भेलाले समितिको सल्लाहकारहरुमा संघका प्रथम उपाध्यक्ष हरिबहादुर खत्री, सचिवालय सदस्य शारदा भट्टराई, कार्य समिति सदस्य मेघबहादुर घिमिरे (मिलन), कृष्णप्रसाद पोखरेल, काशिनाथ खनाल (विनय),पूर्व महिला सचिव माया खनाल,पूर्व कार्यसमिति सदस्य प्रेमबहादुर आले, ग्रिल तथा स्टिल व्यवसायी संघकी अध्यक्ष मिना थापा तुलाधर, रुपन्देही मेटल फेब्रिकेशन एशोसिएसनका अध्यक्ष सन्तबहादुर कुँवरलाई चयन गरेको छ।

संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले भेलामा सम्बोधन गर्दै इन्जिनियरिङ्ग तथा ग्रिल उद्योग क्षेत्रमा समस्या संघ सम्म ल्याइपुऱ्याउन र नियमितत रुपमा सम्पर्कमा रही बैठक तथा भेलाहरु आयोजना गर्दै बस्तुगत समितिलाई सक्रिय बनाउन आग्रह गरे।

भेलामा नवनिर्वाचित संयोजक राज कुमार श्रेष्ठले प्रतिबद्धता मन्तव्य राखेका थिए। कार्यक्रम संयोजक तथा प्रथम उपाध्यक्ष हरिबहादुर खत्रीले स्वागत गर्दै वस्तुगत समिति गठनको उद्देश्य प्रकाश पारेका थिए। संघका महासचिव सुमन बस्यालको संचालनमा सम्पन्न भेलामा संघका सल्लाहकार हिरामणी भट्टराई, कोषध्यक्ष विशाल बेलवासे सचिवालय सदस्य शारदा भट्टराइ, कार्यसमिति सदस्य ई.किरण खरेल, अखिलेश कसौधन, अनिष कसौधन, लालप्रसाद बस्याल दिपक), मेघबहादुर घिमिरे(मिलन),काशिनाथखनाल(विनय),कृष्णप्रसाद पोखरेल, सतिष सापकोटा एवं विभिन्न इञ्जिनियरिङ्ग तथा ग्रिल उद्योगीहरुको उपस्थिति रहेको थियो । भेलामा संघका वरिष्ठ उपाध्यक्ष जीवकान्त काफ्लेले धन्यवाद ज्ञापन गरेका थिए।

## सिद्धार्थनगर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**सिद्धार्थनगर, भैरहवा, रुपन्देही**

### आशय पत्र सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८२।११।०६**

यस सिद्धार्थनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट निम्न मितिमा प्रकाशित बोलपत्रको सूचना बमोजिम तोकिएको समयभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको नियमानुसार बोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम सारभुत रुपमा प्रभावग्राही न्यूनतम मूल्यांकित बोलपत्रदाताको रुपमा छनौट गरी सोही ऐनको दफा २७ उपदफा (२) प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | कामको नाम ठेक्का नं. | बोलपत्र आह्वान मिति | स्वीकृत बोलपत्रदाता | कवोल अंक (मु.अ.कर तथा पि. एस. समेत) |
|---|---|---|---|---|
| १ | Construction of Kanji House, sabdaha sthal and parkat Ward no11 (SNP/NCB-20/2082/2083) | 2082.09.06 | श्री ओजार्का विल्डर्स प्रा.लि. काठमाडौं | NRs. 1,32,99,147.29 |
| २ | Construction and Upgrading of Paklihawa School Playground at Ward 01 (SNP/NCB-21/2082/2083) | 2082.09.24 | श्री वैष्णवी कन्स्ट्रक्सन प्रा. लि., टोखा - १०, काठमाडौं | NRs. 21,16,262.73 |
| ३ | Supply of Stationary and other necessary goods at siddharthanagar (SNP/NCB-02/2082/2083) | 2082.09.03 | श्री निल ट्रेडर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि., पेप्सीकोला काठमाण्डौं | NRs. 19,97,388.00 |

थप जानकारीका लागि सिद्धार्थनगर नगरपालिका योजना शाखामा सम्पर्क गर्नुहोला।

**प्रमुख प्रशासकीय अधिकृत**

## चन्द्रकोट गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**शान्तिपुर, गुल्मी**
**लुम्बिनी प्रदेश नेपाल**

### ठेक्का स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना।

(प्रकाशित मिति २०८२/११/०६ गते)

यस कार्यालयबाट मिति २०८२/०८/२६ गते बुटवल टुडेमा प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूलयाङ्कन सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२)(३) प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

| ठेक्का नम्बर | आयोजनाकोनाम | स्वीकृत गर्ने फर्मको नाम | कबोल अंक (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|
| CRM-GUL-NCB-W-05-082/83 | Dibrung Daha Paryatan Purwadhar Bikas Karyakram | Yatra Construction & Suppliers Pvt. Ltd, Resunga-01, Gulmi | २,१३,४०,१५५।०३।- |
| CRM-GUL-NCB-W-06-082/83 | EkikritBasti Bikasko Purwdhar Nirman | Yatra Construction & Suppliers Pvt. Ltd-SM Builders-Aaisa Aarati Nirman Sewa JV, Resunga-01, Gulmi | १,४५,८९,९८५।१२।- |

प्रमुख प्रशासकीय अधिकृत

## Tinau Rural Municipality
Office of the Rural Municipal Executive
Dobhan, Palpa

### Notice of Re-Invitation for Sealed Quotation

**Second PublicationDate: 2082/11/06(February 18, 2026)**

1. Tinau Rural Municipality Dobhan, Palpa invites electronic Bid from Nepalese eligible Bidder/Suppliers for following items listed in Table below.
2. Interested eligible Bidders may obtain further information from the office of Tinau Rural Municipality Phone No:075413064/9857077098 Email: tinaururalmunicipality@gmail.com or may visit PPMO website.
3. Electronic bids must be submitted through PPMO'se-GP system www.bolpatra.gov.np/egpbefore12:00 hrs.on **28 Falgun 2082 B.S. (March 12,2026 A.D.)** and Bid Opening will be held on same day at13:00 hrs on Rural Municipal Office. Bids received after this deadline will be rejected.

| Contract Number | Description of Works | Estimated Amount (Inclusive of VAT & PS) | BidSecurity Amount(NRs) | Bid Document Fee(NRs.) | Remarks |
|---|---|---|---|---|---|
| TRM/SQ/WORK/RE01/2082-083 | Construction of Kalika Temple at Tinau-01 | 976,313.55/- | 25,000/- | 1,000/- | Online E-Bid (SQ) |
| TRM/SQ/WORK/RE03/2082-083 | Construction of DevithamKhelMaidanat Tinau-06 | 979,802.03/- | 25,000/- | 1,000/- | Online E-Bid (SQ) |

4. If the last date of submission fall sona government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. In formation to deposit the costof bidding document in Bank:
   Name of the Bank: **Laxmi Sunrise Bank Limited.**
   Name of **Office: Office of Tinau Rural Municipality**
   Office Code no.**:40-365-13 Rajasho Shirsak Num:-14229040.**
   **Office Account No:08103000028 (For Bid Fee), Office Account No.:08103000185 (For Bid Security)**

**Chief Administrative Officer**

### मोटरसाइकल हराएको सूचना

मेरो निम्न व्यहोरा भएको मोटरसाइकल यही मिति २०८२/१०/२९ गते राति ९:२० बजेको समयमा भैरहवा बुद्धचोक रुपन्देहीको ब्ल्याक फरेष्ट साइटबाट हराएको हुँदा भेटाउनु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय अथवा निम्न ठेगानामा सम्पर्क गरी बुझाइदिनुहुन अनुरोध गर्दछु।

**नामः– श्रीकृष्ण चाईं**
**ठेगानाः– ओमसतिया–१, फरेना, रुपन्देही**
**मोटरसाइकल नं.:–** लु.प्र. ०१–००३ प १७२६
**इन्जिन नं.:–** **DKXCRE 33366**
**च्यासिस नं.:–** **MD2A13EX1RCE82592**
**मोडल :–** **Pulsar 220 F ABS(Bajaj)**
**मोबाइल नं.:–** ९८०६९०१३०६

### मोटरसाइकल हराएको सूचना

निम्न व्यहोरा भएको मोटरसाइकल यही मिति २०८२/०९/०८ गते साँझ ८:०० बजेको समयमा रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. १३ बेलबासस्थित रमाइलो क्याफेबाट हराएको हुँदा भेटाउनु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय अथवा निम्न ठेगानामा सम्पर्क गरी बुझाइदिनुहुन अनुरोध गर्दछौं।

**कम्पनीको नामः–** **हुलास फिन सर्भ लि.**
**ठेगानाः–** **बेलबास–१३, रुपन्देही**
**मोटरसाइकल नं.:–** लु ९२ प ९४७९
**इन्जिन नं.:–** **DKXCMJ 33551**
**च्यासिस नं.:–** **MD2A13EXOMCJ99347**
**मोडल :–** **Pulsar 220 F ABS**
**मोबाइल नं.:–** ९८५७०८७९२९

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# आजदेखि सेमलारमा श्रीमद्भागवत महायज्ञ सञ्चालन हुँदै

बुटवल । राष्ट्रिय परोपकार महासंघ रूपन्देहीको आयोजनामा बुटवल १५ सेमलार चम्किपुर भाटामा आजदेखी श्रीमद्भागवत धन धान्याञ्चल ज्ञान महायज्ञ २०८२ सुरु हुँदैछ ।

धार्मिक तथा सामाजिक सेवामूलक उद्देश्यका साथ राष्ट्रिय परोपकार महासंघ नेपाल, रूपन्देही जिल्ला कार्यसमितिको आयोजनामा श्रीमद्भागवत धनधान्याञ्चल ज्ञान महायज्ञ-२०८२ आयोजना गरिएको हो ।

कार्यक्रम परोपकार कुञ्ज धाम विस्तारका लागि सञ्चालन गर्न लागिएको मुल समिति संयोजक डिल्लीराज भण्डारीले बताए । उनले दोस्रो अनुष्ठानको रूपमा महायज्ञ हुन लागेको बताए ।

संघका परिकल्पनाकार भागवत भास्कर कमल नयन गौतम ले संस्था विगत १८ वर्षदेखि सक्रिय रूपमा कार्यरत रहेको जानकारी दिए । उनका अनुसार संघ हाल ४३ जिल्लामा क्रियाशील छ भने १० जिल्लामा आश्रम स्थापना भइसकेका छन् ।

आगामी दिनमा सबै उमेर समूहलाई लक्षित गर्दै आवासीय शिविर सञ्चालन गरिनेछ । यसअन्तर्गत आहार शैली तथा जीवन शैलीसम्बन्धी कार्यक्रम सञ्चालन गरिने उनले बताए । गुरुयोजनाअनुसार २५ वटा क्षेत्र निर्माण गर्ने योजना रहेको पनि उनले उल्लेख गरे ।

उनका अनुसार उनले हालसम्म १ हजार महायज्ञ सम्पन्न गरिसकेका छन्, जसमध्ये ४०० वटा विद्यालय विकाससँग सम्बन्धित रहेका छन् । यज्ञ नहुँदा शैक्षिक गुणस्तर कमजोर हुने उनको दाबी छ ।

संस्थाले करिब साढे १६ करोड रुपैयाँ लागतको भवन निर्माण खाका तयार गरेको छ । सामग्री व्यवस्थापनका लागि थप खर्च लाग्ने र सम्पूर्ण काम सम्पन्न गर्न करिब ४ वर्ष लाग्ने अनुमान गरिएको छ ।

समितिका सल्लाहकार तथा निर्माण समिति संयोजक हरिध्वज मल्ल ले गत वर्ष आयोजना गरिएको महायज्ञमार्फत् भएको निर्माण प्रगतिबारे जानकारी गराए । उनका अनुसार महायज्ञबाट १ करोड ८५ लाख रुपैयाँभन्दा बढी आम्दानी भएकोमा ७८ लाख खर्च भई १ करोड ८ लाख बचत भएको छ । हालसम्म ४० लाख रुपैयाँ उठ्न बाँकी रहेको उनले बताए ।

गुरु आश्रममा करिब १ करोड २५ लाख बराबरको निर्माण कार्य भइरहेको छ भने सचिवालय निर्माणमा ३८ लाख खर्च हुने अनुमान गरिएको छ । कलश मण्डप, गार्ड रूम, यज्ञ मण्डप तथा शौचालय निर्माण भइसकेको छ । ४ करोड ४० लाख लागतमा ४०० जना बस्ने-खाने क्षमता भएको बहुउपयोगी भवन निर्माणाधीन छ, जसलाई पालिकाले निर्माण गरिरहेको छ । यस वर्ष पालिकाले १ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ र टेण्डर प्रक्रिया जारी रहेको जनाइएको छ ।

सह-संयोजक डम्बरराज भण्डारी स्वागत तथा सचिव डम्बरबहादुर भण्डारीको सञ्चालनमा भएको कार्यक्रममा भुवन खत्री, डम्बरराज शर्मा, तुल्सिराम भण्डारी लगायत सहभागी थिए ।

# पामिरमा पुरस्कार वितरण तथा अभिभावक दिवस



तिलोत्तमा । पामिर इन्टरनेशनल एकेडेमी तिलोत्तमा-२, रूपन्देहीमा पुरस्कार वितरण तथा अभिभावक दिवस समारोह सम्पन्न भएको छ । कार्यक्रममा शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कृत गरिएको थियो भने अभिभावकहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटन गर्दै तिलोत्तमा नगरपालिकाकी उप-प्रमुख जगेश्वरदेवी चौधरीले विद्यालयले गुणस्तरीय शिक्षा र अनुशासनमार्फत् उदाहरणीय काम गरिरहेको बताइन् । उनले सामुदायिक सहकार्य र अभिभावकको सक्रिय सहभागिताले मात्रै शिक्षाको स्तर उकास्न सकिने धारणा राख्दै नगरपालिकाले शिक्षालाई प्राथमिकतामा राखेको स्पष्ट पारिन् ।

विद्यालय सञ्चालक समितिका अध्यक्ष मोहन चापागाईंले विद्यार्थीको समग्र विकासका लागि शैक्षिक उत्कृष्टतासँगै नैतिक शिक्षा र सीपमूलक गतिविधिमा जोड दिइएको बताए ।

उनले विद्यालयलाई अझ व्यवस्थित र प्रविधिमैत्री बनाउने प्रतिबद्धता व्यक्त गरे ।

त्यसैगरी निजी तथा आवासीय विद्यालयहरूको संगठन प्याब्सनका केन्द्रीय सचिवालय सदस्य खेमेन्द्र रानाले निजी विद्यालयहरूले गुणस्तरीय शिक्षा प्रदान गर्दै राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान दिइरहेको उल्लेख गरे । उनले प्रतिस्पर्धात्मक युगमा दक्ष, अनुशासित र जिम्मेवार नागरिक उत्पादन गर्नु आजको आवश्यकता भएको बताए ।

तिलोत्तमा-२ का वडाध्यक्ष डिलबहादुर भट्टराईले वडाबाट विद्यालयलाई आवश्यक सहयोग निरन्तर रहने प्रतिबद्धता जनाउँदै शिक्षाको विकास नै समृद्धिको आधार भएको धारणा राखे ।

विद्यालयका प्राचार्य गोपाल गौतमले विद्यालयले शैक्षिक उपलब्धि, अतिरिक्त क्रियाकलाप तथा अनुशासनमा उल्लेखनीय सफलता हासिल गरेको जानकारी दिए । उनले आगामी दिनमा अझ गुणस्तरीय शिक्षाका लागि नवीन कार्यक्रम ल्याइने बताए ।

कार्यक्रममा विद्यार्थीहरूले आकर्षक गीत, नृत्य तथा विविध सांस्कृतिक प्रस्तुति दिएका थिए । कार्यक्रमको सहजीकरण शिक्षकद्वय केशव खनाल र अर्जुन पन्तले गरेका थिए ।

# साई ग्लोबल कप सुरु







भैरहवा । मंगलबारदेखि भैरहवामा ११औं संस्करणको जिल्लास्तरीय अन्तरकलेज साई ग्लोबल टी-२० क्रिकेट प्रतियोगिता सुरु भएको छ । रूपन्देही क्रिकेट संघको आयोजना र साई ग्लोबल कलेजको मुख्य प्रायोजनमा प्रतियोगिता सुरु भएको हो ।

मंगलबार भएका दुई खेलमा रूपन्देही क्याम्पस र साई ग्लोबल कलेज 'ए' टीम विजयी भएका छन् । रूपन्देही क्याम्पसले सरस्वती संस्कृतलाई १० विकेटले हराउँदा साई ग्लोबलले युसियमयस मेडिकल कलेजलाई ७७ रनले पराजित गर्यो ।

सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको सरस्वतीले १३ ओभरमा सबै विकेट गुमाएर जम्मा ३४ रन बनायो । उसलाई सस्तैमा रोक्न रूपन्देही क्याम्पसका सन्तोष यादव, जितेन्द्र केवट, सत्यमसिंह क्षेत्री र शिवकान्त यादवले समान २-२ विकेट लिए । सरस्वतीका अधिकांश खेलाडीले दोहोरो अंकमा रन बटुल्न सकेनन् ।

जवाफी ब्याटिङ गरेको रूपन्देही क्याम्पसले ३ ओभर ३ बलमा विना क्षति ३७ रन बनाउँदै जित दर्ज गर्यो । उसको जितमा सन्तोष यादवले अविजित १६ र मनिष थापाले नटआउट १५ रन जोडे । खेलमा सन्तोष यादव प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

यस्तै, अर्को खेलमा टस जितेर पहिला ब्याटिङमा आएको साई ग्लोबल 'ए'ले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर २ सय २३ रनको बलियो योगफल बनायो । उसका लागि ड्रस सुनारले ९०, शैलेन्द्र यादवले ३७, अजिउल्लाह हकले २९, विन्दराम यादवले नटआउट २० रन जोडे । बलिङमा युसियमयसका अजित यादवले २ तथा मञ्जुश्री यादव र सफीउल्लाह खानले समान १-१ विकेट लिए ।

जवाफमा युसियमयस १७ ओभर ४ बलमा अलआउट हुँदै १ सय ४६ रन मात्रै बनायो । उसका लागि अजित यादवले ६८ र सुरज पौडेलले ३९ रन जोडे । बलिङमा साई ग्लोबलका मनिष पन्थीले ३ तथा दिलबहादुर विक, सन्दीप मौर्य र लेख क्षेत्रीले समान २-२ विकेट लिए । खेलमा ड्रस सुनार प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

फागुन १४ गतेसम्म चल्ने प्रतियोगितामा जिल्लाका विभिन्न २० वटा कलेजहरूको सहभागिता रहेको खेल संयोजक निरजप्रताप खाँणले बताए । प्रतियोगिताको विजेता टिमले ५५ हजार ५ सय ५५ रुपैयाँ, उप-विजेता टीमले नगद २५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट ब्याटर र बलरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले एक हजार रुपैयाँ पाउने छन् ।

यस्तै, प्रतियोगिताको अनुशासित टिमलाई पनि सम्मानित गरिने आयोजकले जनाएका छन् । यसअघि प्रतियोगिताको उद्घाटन सत्रमा बोल्दै प्याब्सन केन्द्रीय उपाध्यक्ष टीकाराम न्यौपाने, रूपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापा र साई ग्लोबल कलेजका प्राचार्य दीनेशमान अमात्यले यस्ता प्रतियोगिताले क्रिकेटको विकासमा टेवा पुग्ने जनाए ।

### रासस ६५औं स्थापना दिवसः

# निर्वाचन आचारसंहिता प्रभावकारी कार्यान्वयनमा जोड

बुटवल । राष्ट्रिय समाचार समिति(रासस) को ६५औं वार्षिकोत्सवका अवसरमा आसन्न प्रतिनिधिसभा 'निर्वाचनलाई केन्द्रित गरी निर्वाचन आचारसंहिता र सञ्चार' विषयक अन्तरक्रिया आज बुटवलमा सम्पन्न भएको छ ।

रासस लुम्बिनी प्रदेश कार्यालय बुटवलद्वारा आयोजना गरिएको अन्तरक्रियामा बुटवलस्थित कालिका-मानव ज्ञान माविमा कानुन सङ्कायमा अध्ययनरत विद्यार्थी र लुम्बिनी बौद्ध विश्वविद्यालयअन्तर्गत स्नातक कानुन सङ्कायमा अध्ययनरत विद्यार्थीको उल्लेख्य सहभागिता थियो । अन्तरक्रियामा कानुन विषयका विद्यार्थीले आसन्न फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचन र निर्वाचनलाई स्वच्छ, निष्पक्ष बनाउन सुरक्षा, सञ्चारमाध्यमको भूमिका र आचासंहिता प्रभावकारी कार्यान्वयनलगायत विषयमा खुलेर छलफल गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि प्रतिनिधिसभा निर्वाचन रूपन्देही निर्वाचन क्षेत्र नं. २, का निर्वाचन अधिकृत राजेन्द्र न्यौपानेले निर्वाचन आचारसंहिता र सञ्चार विषयमा कार्यपत्र प्रस्तुत गर्दै निर्वाचनलाई स्वच्छ, निष्पक्ष र पारदर्शी बनाउने सबैको जिम्मेवारी र कर्तव्य रहेको बताए । उनले राजनीतिक दल र उम्मेदवारबिच समान प्रतिस्पर्धाको वातावरण सिर्जना गराउन आचारसंहिताको पूर्ण कार्यान्वयन जरुरी रहेकोसमेत बताए ।

निर्वाचन अधिकृत न्यौपानेले आचारसंहिता सही ढङ्गले कार्यान्वयन हुँदा मतदातालाई स्वतन्त्र, निर्भय रूपमा मतदान गर्न सुनिश्चित हुने, निर्वाचनका अवधिमा शान्ति, सुरक्षा र अनुशानसन कायम राख्न मद्दत पुग्ने विश्वास व्यक्त गर ।

यस्तै यसबाट सरकारी स्रोतसाधनको दुरूपयोग रोक्नु, घृणात्मक अभिव्यक्ति, गलत प्रचार तथा अफवाह नियन्त्रण गर्ने, निर्वाचन प्रक्रियामा कानुनी शासन र मर्यादा कायम राख्ने मुख्य उद्देय रहेको उनले बताए ।

यस्तै, प्रचारप्रसारका क्रममा दलका झण्डा, साइनबोर्ड, व्यानर, पर्चा र राष्ट्रिय झण्डा, सवारीसाधनको प्रयोग आयोगले तोकेको आचारसंहिताको मापदण्डअनुसार हुनुपर्ने उनले बताए ।

यस्तै, निर्वाचन अधिकृत न्यौपानेले टेलिभिजन, रेडियो, पत्रपत्रिका, अनलाइन सञ्चारमाध्यमको प्रयोग गरी प्रचारप्रसार गर्दा आचारसंहिताले तोकेको मापदण्ड पूर्ण रूपले पालना गर्नुपर्ने जनाए ।

उनले जाचबुझ वा अनुगमनका क्रममा कसैबाट आचारसंहिताको पालना नभएको वा उल्लङ्घन भएको देखिएमा त्यस्तो कार्य रोक्न वा बदर गर्न आयोगले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, व्यक्ति तथा संस्था वा निकायलाई आदेश दिने त्यस्तो काम कारबाही नरोक्ने वा बदर नगर्ने राजनीतिक दल वा निकायलाई रु एक लाखसम्म जरिवाना तोक्नसक्ने व्यवस्था गरेको जानकारी दिए ।

यस्तै, आचारसंहिताको उल्लङ्घन गरेका कारण निर्वाचन, स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा त्यसको स्पष्ट कारण र आधार खोली आयोगले उम्मेदवारीसमेत रद्द गर्नसक्ने कानुनी व्यवस्था रहेको उनले जानकारी दिए ।

प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचारप्रसारका लागि उम्मेदवारले अनिवार्य बैंक खाता खोल्नुपर्ने व्यवस्था रहेको भए पनि रूपन्देहीका केही उम्मेदवाले अझै पनि बैंक खाता खोलेको विवरण आयोगमा नबुझाएको बताए ।

कार्यक्रममा राष्ट्रिय समाचार समितिका पूर्वअध्यक्ष बालकृष्ण चापागाईंले रासस राज्यको लगानीमा सञ्चालित सञ्चारमाध्यम भए पनि यसको निष्पक्षता र विश्वसनीयताका कारण यसको महत्त्व बढ्दै गएको बताए । उनले राज्य सङ्कटमा परेका अवस्थामा राससको सूचना र सेवा थप जिम्मेवार र प्रभावकारी हुने भएकाले यसको विकासमा राज्यले थप जोड दिनुपर्ने जनाए ।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य रामराज पोखरेलले सामाजिक सञ्जालका सूचनामा भर परेर धारणा बनाउने प्रवृत्तिका कारण मुलधारका सञ्चारमाध्यममा नागरिकले भर गर्न छाडेको बताए । उनले निर्वाचनका बेला आचारसंहिताविपरीत भ्रमपूर्ण सूचना दिने कारणले आममतदाता भ्रममा पर्ने गरेको जनाए ।

नेपाल पत्रकार महासङ्घ रूपन्देहीका अध्यक्ष दिनेश पाण्डेले आचारसंहिता पालना गराई निर्वाचनलाई स्वच्छ, मर्यादित र निष्पक्ष बनाउने जिम्मेवारीबाट सञ्चारकर्मी पन्छिन नहुने बताउँदै आचारसंहिता कार्यान्वयन गराउने कुरामा प्रतिबद्धता व्यक्त गरे ।

# कांग्रेस र एमालेभन्दा रास्वपा फरक छैनः घनश्याम भुसाल



बुटवल । नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) का कार्यबाहक अध्यक्ष घनश्याम भुसालले कांग्रेस र एमालेभन्दा रास्वपा फरक नभएको टिप्पणी गरेका छन् । मंगलबार नेकपा (संयुक्त)को चुनावी घोषणापत्र सार्वजनिक कार्यक्रममा बोल्दै भुसालले रास्वपा, कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) लगायतका राजनीतिक दलको नीतिगत रूपमा हिँड्ने बाटो एउटै रहेको जिकिर गरे । उनले सबै राजनीतिक शक्तिबिच नाम, नारा र शैलीमा फरक देखिए पनि नीतिगत रूपमा एउटै बाटोमा हिँडिरहेको उनको भनाइ थियो ।

उनीहरूबिच जनतालाई ढाँट्ने कुरामा मात्रै प्रतिष्पर्धा भइरहेको भुसालको दाबी थियो । पञ्चायत अन्तिमतिर उदारवादी बाटोमा हिंडेको र सोही बाटोलाई प्रजातन्त्र र अहिलेको गणतन्त्रले पनि पछ्याइरहेको उनको भनाइ थियो ।

'एमाले, नेपाली कम्युनिस्ट, कांग्रेस र रास्वपा सार त एउटै हुन् । हाम्रो दाबी के हो भने यी सबै एउटै हुन् । कसले कसरी सडकबारे कुरा गरेर जनतालाई ढाँट्ने कुरामा प्रतिष्पर्धा बाहेक कार्यक्रमका हिसाबले उनीहरूको हिँड्ने बाटो एउटै हो,' भुसालले भने-'पञ्चायत अन्तिमतिर उदारवादी बाटोमा हिँड्दै थियो, हाम्रो प्रजातन्त्र त्यही बाटो हिँड्यो र अहिले गणतन्त्र पनि त्यही बाटो हिँडिरहेको छ । यही बाटोमा केही पत्र थप्ने हुन्, कसले कुन पत्र थप्छ, कसले कस्तो साईनबोर्ड राख्छ, यसमा प्रतिष्पर्धा छ ।'

# जनकपुरधाममा १ लाख मान्छे उतार्ने कांग्रेसको तयारी



बुटवल । नेपाली कांग्रेसले मधेस प्रदेशको राजधानी जनकपुरमा आयोजना गर्न लागेको आम सभामा १ लाखभन्दा बढी समर्थक उतार्ने दाबी गरेको छ ।

मंगलबार पत्रकार सम्मेलन गरेर कांग्रेस मधेस प्रदेशका सभापति कृष्ण यादवले आठै जिल्लाबाट व्यापक सहभागिता हुने बताए ।

सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्माले सम्बोधन गर्ने आम सभामार्फत् कांग्रेसले फागुन २१ को निर्वाचनको आधार तयार गर्ने ऐतिहासिक कार्यक्रम हुने उनको भनाइ छ ।

मधेस प्रदेशमा कांग्रेसका कुनै बागी उम्मेदवार नरहेको भन्दै पार्टी एकताबद्ध र सुदृढ अवस्थामा रहेको सभापति यादवको भनाइ छ ।

जनकपुरधामको तिरूहुतिया गाछीमा हुने आमसभामा कांग्रेसले प्रतीज्ञापत्र पनि सार्वजनिक गर्ने यादवले बताए । प्रतीज्ञापत्रमा मधेसका विकास, रोजगारी, कृषि आधुनिकीकरण, शिक्षा, स्वास्थ्य सुधार, पूर्वाधार विस्तार तथा सुशासनका एजेन्डा प्राथमिकतामा रहने उनले जानकारी दिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com